ऐन संख्या

नगर सभाबाट स्वीकृत भएको मितिः

# नगर प्रमुख प्राविधिक अध्ययन छात्रवृत्ति कार्यक्रम सम्बन्धि ऐन, २०८१

चौदण्डीगढी नगरपालिका

उदयपुर जिल्ला

कोशी प्रदेश

## नगर प्रमुख प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम सम्बन्धि ऐन, २०८१

प्रमाणीकरण मितिः

**प्रस्तावनाः**

चौदण्डीगढी नगरपालिकामा स्थायी बसोबास भई उदयपुर जिल्लाको विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययन गरी माध्यमिक Secondary Education Examination (SEE) उत्तीर्ण भई विज्ञान विषयबाट कक्षा १२ उत्तीर्ण पश्चात भिन्न प्राविधिक विश्वविद्यालय वा शिक्षालयहरुमा अध्ययनरत जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनमा आर्थिक रुपमा सहज होस र नगरपालिका भित्र दक्ष प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन होस भन्ने उद्देश्यका साथ चौदण्डीगढी नगरपालिकाले विपन्न विद्यार्थीलाई प्राविधिक अध्ययनमा छात्रवृत्ति वितरण सम्वन्धि ऐन बनाई लागू गर्न बान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी चौदण्डीगढी नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेदः - १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम नगर प्रमुख प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम सम्बन्धि ऐन, २०८१रहेकोछ।

(२) यो ऐन चौदण्डीगढी नगरपालिकामा स्थायी बसोबास भई उदयपुर जिल्लाको विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरुबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण भई विभिन्न विश्वविद्यालयहरुमा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई मात्र केन्द्रित गरेर तयार गरिएको छ।

(३) यो ऐन नगर सभाको वैठकबाट स्विकृत भएको मितिदेखि लागू हुने छ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “विद्यालय वा शिक्षालय” भन्नाले प्राविधिक विषय अध्ययन अध्यापन हुने शैक्षिक संस्थाहरुलाई सम्झनु पर्दछ।

(ख) “ जेहेन्दार विद्यार्थी” भन्नाले छात्रवृत्तिको लागि आवेदन दिएका चौदण्डीगढी नगरपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरु मध्ये अघिल्लो कक्षामा उच्चतम अंक प्राप्त गरेको विद्यार्थीलाई सम्झनु पर्दछ।

(ग) “नगरपालिका” भन्नाले चौदण्डीगढी नगरपालिका सम्झनु पर्दछ।

(घ) “नगर कार्यपालिका” भन्नाले चौदण्डीगढी नगरपालिकाको नगर कार्यालय सम्झनु पर्दछ।

(ङ) “छात्रवृत्ति” भन्नाले यस ऐन अन्तर्गत अध्ययन गर्ने चौदण्डीगढी नगरपालिका भित्र स्थायी बसोबास भई उदयपुर जिल्लाको विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरुबाट Secondary Education Examination (SEE) उत्तीर्ण गरेको विद्यार्थीलाई प्रदान गरिने छात्रवृति सम्झनु पर्दछ।

(च) “समिति” भन्नाले यस ऐनको दफा ३ बमोजिम गठित छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

(छ) “शिक्षा, युवा तथा खेलकुद शाखा” भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

(ज) “शिक्षा समिति” भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

(झ) “प्रमुख” भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

## परिच्छेदः - २

## छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति

**३.नगर प्रमुख प्राविधिक अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण गर्न तपसिल बमोजिमको एक समितिर हनेछः**

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक सदस्य | -सदस्य |
| (घ) संयोजकले तोकेको नगर कार्यपालिकाको सदस्य | - सदस्य |
| (ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | -सदस्य सचिव |

**४.** समितिले प्रत्येक वर्ष कक्षा १२ उत्तीर्ण गरी प्राविधिक अध्ययन विद्यालय/शिक्षालयमा भर्ना भएका मध्ये १ जनालाई छात्रवृत्ति प्रदानको लागि सिफारिस गर्नुपर्नेछ ।

**५.** समितिले सिफारिस गर्नुभन्दा अगावै सम्बन्धित बिषय अध्ययनको लागि अन्य निकायबाट छात्रवृत्ति पाइरहेको विद्यार्थी यो ऐन बमोजिम छात्रवृत्ति पाउन योग्य हुनेछैन । समितिबाट सिफारिसमा परिसकेपछि अन्य निकायबाट छात्रवृत्ति प्राप्त गरेमा १ महीना भित्र कुनै एक विकल्प रोज्नुपर्नेछ ।

६. छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले प्रत्येक वर्ष आफूले प्राप्त गरेको शैक्षिक उपलब्धी कार्यालयमा पेश गर्नुपर्नेछ । पेश गरिएको शैक्षिक उपलब्धि तोकिएको उपलब्धिभन्दा कम भएमा यस ऐन बमोजिम प्रदान गरिने छात्रवृत्ति उपलब्ध गराइनेछैन ।
७.छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले आफूले प्राप्त गर्नुपर्ने शैक्षिक उपलब्धि प्राप्त गरिसकेपछि न्यूनतम अवधीको लागि यस नगरपालिका वा नगरपालिकाले खटाएको स्थानमा गई कार्य गर्नुपर्नेछ ।
८. छात्रवृत्तिको प्रकृया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः - ३
## बजेट व्यवस्थापन तथा विषयहरु

९. **बजेटको व्यवस्थापन गर्नेः** तोकिए बमोजिमको नगर प्रमुख प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति प्रदान गर्नको लागि प्रत्येक वर्ष आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०.**छात्रवृत्ति प्रदान गर्ने विषयहरुः** यस नगरपालिकाबाट नगर प्रमुख प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति प्रदान गर्ने विषयहरु निम्नानुसार हुनेछः

क. डाक्टर (MBBS)

## परिच्छेदः - ४
## दण्ड सजाय

११. यस ऐनको दफा ६ बमोजिम शैक्षिक उपलब्धि पेश नगरेमा वा नगरपालिकाबाट तोकिएको भन्दा कम शैक्षिक उपलब्धि हासिल गरेको अवस्थामा निजको छात्रवृत्तिबदर गरिनेछ र प्राप्त गरिसकेको छात्रवृत्ति रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गराइनेछ ।

तर मृत्यु, प्राकृतिक विपत्ति, शारिरीक वा मानसिक रोग लागि न्यूनतम उपलब्धि हासिल गर्न नसकेकोमा यस दफा बमोजिम असुल उपर गराईनेछैन ।

१२. यस ऐनको दफा ७ बमोजिम कार्य नगरेमा वा गर्न नमानेमा नगरपालिकाबाट छात्रवृत्ति स्वरुप प्राप्त भएको रकममा १०% व्याज थप गरी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

## परिच्छेदः - ४
## विविध

१३.**अनुगमन :** विद्यार्थीहरुलाई प्रदान गरिएको छात्रवृत्ति रकम प्राप्त गरे नगरेको सम्बन्धमा दफा ३ बमोजिमको समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुगमन गर्न सक्नेछ।

१४.**नियम बनाउन सक्ने :** यस ऐनमा उल्लेख भएको विषयमा कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ।

**८.प्रचलित कानुन लागूहुने:** यस ऐनमा भएको व्यवस्था प्रचलित नेपाल कानुनसँग बाँझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।